## पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको आ.व. ०८०/०८१ को वार्षिक साधारण सभाको निर्णय विवरण :

यस पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको १७ औं वार्षिक साधारण सभा (आ.व.०८०/०८१) संचालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी निम्न लिखित प्रस्तावहरुमा छलफल भई निम्नानुसार निर्णयहरु गरियो ।

मिति : २०८१/०९/२८
समय : दिनको ११:३० बजे
स्थान : क्वालिटी वैंकेट, बुद्धनगर, बानेश्वर,काठमाण्डौं ।

साधारण सभाको वैधानिकता सम्वन्धमा : यस कम्पनीमा जम्मा ३,२०,००,००० थान शेयर बाँडफाँड भई संस्थापक तर्फ २४५८ जना शेयरधनी र सर्वसाधारण तर्फ २,९१,४९३ (२०८१/०९/१९ मा बुक क्लोज भएको दिन सम्म) शेयरधनीहरु कायम रहनु भएको र निजहरुबाट खरीद भएको ३ करोड २० लाख कित्ता शेयर हुनेमा प्रत्यक्ष तथा प्रतिनिधि मार्फत जम्मा ८७८ जना उपस्थित भै जम्मा १,७१,५३,४६५ कित्ता (५३.६० प्रतिशत) शेयरको प्रतिनिधित्व भएकोले साधारण सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको र अन्य प्रकृया समेत पूरा भएकोले साधारण सभा वैधानिक भएको हुँदा अध्यक्षज्यूले यस साधारण सभामा उपस्थित सबै महानुभावहरुलाई स्वागत अभिवादन गर्दै साधारण सभा प्रारम्भ भएको घोषणा गर्नु भई सभाको काम कारवाही अगाडि बढाउन अनुमति दिनु भयो ।

**छलफलका प्रस्तावहरुः**

**(क) सामान्य प्रस्तावः**

१) अध्यक्षज्यूबाट प्रस्तुत संचालक समितिको आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) आ.व. २०८०।०८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्तको वित्तीय विवरण (वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण र शेयर पूँजीमा भएको परिवर्तन लगायत अन्य अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३) आ.व. २०८१।०८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४)विविध ।

**(ख) विशेष प्रस्ताव ।**

१. कम्पनीको १६ औं वार्षिक साधारणसभाबाट चुक्ता पूँजीको २:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धी भएको निर्णय संचालक समितिको मिति २०८१ पौष ४ गते बसेको बैठकले पुनरवलोकन गरी हाल कायम चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा विद्युत नियमन आयोगबाट पूर्व स्वीकृति लिई हकप्रद शेयर निष्काशन गर्ने र सो अनुसार प्राप्त हुने रकमको उपयोग गर्ने विषयमा संचालक समितिले गरेको निर्णय पारित गर्ने सम्वन्धमा ।

PEOPLES HYDROPOWER Co. Ltd.

२. जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने गरी प्रवन्धपत्रको दफा ६ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

३. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा हकप्रद शेयर निष्काशन सम्बन्धमा थप अन्य कार्यहरु समेत गर्न परेमा सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविध ।**

यसपछि सामान्य प्रस्तावहरु प्रस्तुत गर्ने क्रममा संचालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूले संचालक समितिको आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । यस प्रतिवेदनसंगै आ.व.२०८०।०८१ को लेखापरीक्षकको प्रतिवेदनसाथ वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्नको लागि सभासमक्ष प्रस्तुत गर्नुभयो । त्यसैगरी आ.व.२०८१।०८२ को लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावहरु सभासमक्ष प्रस्तुत गर्नुभयो ।

सामान्य प्रस्तावको प्रस्तुति पछि अध्यक्षज्यूले विशेष प्रस्ताव प्रस्तुत गर्दै संचालक समितिको मिति २०८१।०९।०४ गतेको बैठकको निर्णयअनुसार कम्पनीको चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयार निष्काशन र सोबमोजिम हुने जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने गरी प्रवन्ध पत्रको दफा ६ को उपदफा (ख) (ग) र (घ) मा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो । त्यसैगरी सभाबाट पारित हुने प्रस्तावहरुमा नियामक निकायहरुबाट कुनै किसिमको निर्देशन वा कैफियत प्राप्त भएमा सोअनुसार संशोधन वा परिवर्तन गर्न सक्ने गरी संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नु भयो ।

त्यसपछि प्रतिवेदन प्रस्तुतिको क्रममा आ.व. ०८०।०८१ को लेखापरीक्षण प्रतिवेदनको सार तथा यस आ.व.को हालसम्मको आर्थिक अवस्था र आयोजनाको पछिल्लो अवस्थाको बारेमा प्रवन्ध संचालक श्री केशव बहादुर रायमाझीले सभासमक्ष प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

**छलफलहरु**

साधारण सभाको लागि प्रस्तावित उपरोक्त विषयहरु आजको यस साधारण सभामा उपस्थित शेयरधनीहरु समक्ष पेश भएकोमा सो माथि छलफल हुँदा निम्न जिज्ञासा तथा सुझाव र टिप्पणीहरु प्राप्त भयो :-

१.शेयरधनी अमृत दाश रंजितले छलफलमा भाग लिंदै गतवर्षको भन्दा कम्पनीको आम्दानीको अवस्था राम्रो देखिएतापनि शेयरधनीहरुले यस वर्ष पनि कुनै प्रतिफल प्राप्त गर्न नसकेकोतर्फ व्यवस्थापनको ध्यान जाओस् भन्दै हकप्रद शेयर निष्काशनको स्वागत गर्दै सभाको सफलताको शुभकामना दिनु भयो ।

२.अर्का वक्ता शेयरधनी दिपक सापकोटाले हाइड्रोपावर निर्माण र संचालन गर्न सहज नभएको र विभिन्न कठिनाईहरु आइपर्ने हुंदा अनुमान गरिएको भन्दा लागत बढ्नु स्वभाविक रहेको भएपनि शेयरधनीहरुले केही प्रतिफलको आशासहीत लगानी गर्नुभएको हुन्छ, त्यसो हुन नसकेकोमा आगामी वर्ष शेयरधनीहरुलाई हात खालि नपार्ने गरी काम गर्न सुझावसहीत शुभकामना दिनुभयो ।

PEOPLES HYDROPOWER Co. Ltd.

३.त्यसपछिका वक्ता शेयरधनी ऋषिराम कंडेलले कम्पनीको अवस्था राम्रो नभएको प्रस्तुति विच प्रशासनिक खर्च बढी देखिएको, अध्यक्ष, प्रवन्ध संचालक र आयोजना निर्देशकको लागि बढी खर्च भएको हो कि भन्दै प्रवन्ध संचालक र आयोजना निर्देशक दुई दुई जना नभई एक जना मात्र राख्न सकिन्छ कि जस्ता जिज्ञासा राख्दै खर्चमा मितव्ययिता अपनाउन सुझावसहीत शुभकामना दिनुभयो ।

४.शेयरधनी सागर पौडेलले अहिलेको आइटिको समयमा पनि कम्पनीले एउटा पत्रिकामा सूचना निकालेर सबै शेयरधनीहरुले जानकारी पाए भन्ने सोच्न नहुने भन्दै व्यापक सहभागिताको लागि फेसबुक पेज वेवसाइटलगायतका आधुनिक संचार माध्यमहरु अपनाएर प्रचार प्रसार गर्न सुझाव दिंदै हिमनदीहरुमा पानी घट्दै गएको अवस्थामा माथिल्लो हिमचुली जलविद्युत आयोजना निर्माणमा हतार नगरी बरु हकप्रद शेयरबाट प्राप्त हुने सबै रकम बैंक ऋण घटाउनतिर लाग्न उपयुक्त हुने सुझावसहीत शुभकामना दिनुभयो ।

५.शेयरधनी निरुपमा गुप्ताले समयअभावले पुरा समय बस्न नसक्ने भन्दै लिखित सुझाव दिनु भएको छ । उहांले साधारण सभामा प्रस्तुत सबै प्रस्तावहरुमा आफ्नो समर्थन रहेको जनाउदै आगामी वर्ष शेयरधनीहरुलाई डबल डिजिटमा लाभांश वितरण गर्ने गरी ध्यानाकर्षण गराउनु भएको छ । त्यसैगरी समय सापेक्ष खर्च बढ्नु स्वभाविक भएपनि मितव्ययिता अपनाएर अगाडि बढ्न सुझाव दिंदै सिएसआर को केही रकमलाई निर्धन/असक्तहरुको लागि शिक्षामा लगानी गर्न सुझावसहीत शुभकामना दिनु भएको छ ।

<u>शेयरधनीहरुले उठाएका बिषयको जिज्ञासामा संवोधन</u> :

सभाका सभापतिको निर्देशनअनुसार प्रवन्ध सञ्चालक श्री केशव बहादुर रायमाझीले शेयरधनीहरुबाट आएका गुनासा र जिज्ञासाहरुको जवाफ दिदै हकप्रद शेयर निष्काशनको औचित्य र आवस्यकताबारे प्रष्ट पार्नुभयो । त्यस्तै हिमचुली दोर्दी जलविद्युत आयोजना ५७ मे.वा. निर्माण गर्ने सम्बन्धमा उठेका जिज्ञासामा हालसम्म अध्ययन तथा यस आयोजनाले प्रयोग गर्ने बाटो, प्रसारण लाइन तथा अन्य संरचना समेतको निर्माणमा लागत करीब रु. ३४/३५ करोड लागिसकेको हुंदा आयोजना निर्माण गर्नु नै श्रेयस्कर हुने भनी प्रष्ट्याउनु भयो । खर्च कटौति सम्बन्धमा अध्यक्षज्यूबाट गत वर्ष घोषणा भएअनुरुप यस वर्ष देखिने गरी कम भैसकेको र चालु वर्षदेखि खर्च अझ कम हुँदै जाने भनी जानकारी गराउनुभयो । त्यसैगरी आधुनिक प्रविधिहरु प्रयोग गरी सभासम्बन्धी सूचनाहरु प्रसार गर्ने सम्वन्धमा आगामी दिनमा ध्यान दिइने र कम्पनी र शेयरधनीको हितको लागि यहांहरुले दिनुभएका सुझावहरुलाई कार्यान्वयन गर्दै जाने कुरामा विश्वास दिलाउंदै संस्थाप्रति सद्भाव र माया देखाई कम्पनीको साधारण सभामा पाल्नु भई आफ्ना महत्वपूर्ण सुझाव दिई संस्थालाई मार्ग निर्देशन गर्नु हुने लगायत सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद दिंदै शेयरधनीहरुको सुझावलाई संस्थाको सम्पत्तिको रुपमा लिने प्रतिबद्धता ब्यक्त गर्नु भयो ।

(क) सामान्य प्रस्तावउपर माथि उल्लेख भए अनुसारका प्रस्तावहरुमा शेयरधनीहरुबाट छलफल भई निम्नानुसार निर्णय गरियो ।

PEOPLES HYDROPOWER Co. Ltd.

१. प्रस्ताव नं. एकउपर छलफल गर्दा यस कम्पनीले आ.व. ०८०/०८१ मा गरेका सम्पूर्ण गतिविधिहरु तथा कामकारवाहीहरु र निर्धारित ढाँचामा तयार पारी विभिन्न नियमनकारी निकायमा पेश भएका विभिन्न प्रतिवेदनहरु तथा साधारण सभामा प्रस्तुत वार्षिक प्रतिवेदन आजको यस १७ औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनीहरु बीच व्यापक छलफल भई उक्त प्रतिवेदनलाई सर्वसम्मत रुपमा पारित गरियो । साथै संचालक समितिको मिति २०८१।०४।१५ को बैठकबाट नियुक्त स्वतन्त्र संचालक श्रीमती गीता अधिकारी घिमिरेको नियुक्ति सभाबाट अनुमोदन गरियो ।

२. प्रस्ताव नं. दुईउपर छलफल गर्दा आ.व. ०८०/०८१ मा गरेका सम्पूर्ण आर्थिक कारोवारहरु समेटी पेश भएको लेखापरीक्षकको प्रतिवेदनसहित २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्तसम्मको वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण र शेयर पूँजीमा भएको परिवर्तन लगायत अन्य अनुसूचीहरु सहीतको वित्तीय विवरण उपर सभामा छलफल गरी सर्वसम्मतिले पारित गरियो ।

३. प्रस्ताव नं. तीनउपर छलफल गर्दा यस कम्पनीको चालु आ.व. ०८१/०८२ को लेखापरीक्षण गर्नको लागि संचालक समितिको सिफारिसबमोजिम दिपेश आचार्य एशोसियट्सका चार्टर्ड एकाउण्टेन्ट श्री दिपेश आचार्यलाई मूल्य अभिवृद्धि कर बाहेक रु. २,००,०००।- (अक्षरुपी दुई लाख मात्र) पारिश्रमिक दिने गरी लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

(ख) पेश भएका विशेष प्रस्तावहरुमाथि शेयरधनीहरु बिच छलफल भई निम्नानुसार निर्णयहरु गरियो ।

१. विशेष प्रस्ताव नं. एकउपर छलफल गर्दा कम्पनीको १६ औं वार्षिक साधारण सभाबाट २:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्नेगरी निर्णय भएकोमा विभिन्न कारणले हकप्रद शेयर निष्काशन गर्ने प्रकृया सुरु नगरेको अवस्थामा कम्पनीले आयोजना निर्माणको क्रममा लिएको बैंक ऋण घटाउने तथा कम्पनीले अर्को आयोजनामा लगानी गर्ने उद्देश्यकासाथ कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी ३ अर्ब २० करोडको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गरी सो को आधा रकम बैंक ऋण घटाउने र बाँकी आधा रकम अर्को आयोजना निर्माणमा लगानी गर्ने गरी विद्युत नियमन आयोगको स्वीकृति लिई सो अनुसार आगामी वर्षमा हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

२. विशेष प्रस्ताव नं. दुईउपर छलफल गर्दा माथि विशेष प्रस्ताव नं. १ मा निर्णय भए अनुसार हकप्रद शेयर जारी गर्दा कम्पनीको जारी पूँजी वृद्धि हुन जाने हुँदा सो समेत मिलान गरी कम्पनीको जारी पूँजी रु. ६ अर्ब ४० करोड हुने र सोही अनुसार चुक्ता पूँजी पनि वृद्धि हुनेगरी कम्पनीको पूँजी संरचना परिवर्तन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

३. विशेष प्रस्ताव नं. तीनउपर छलफल गर्दा माथि विशेष प्रस्ताव नं. १ र २ बमोजिम पूँजी वृद्धि हुँदा कम्पनीको प्रवन्धपत्रमा संशोधन गर्नुपर्ने भएको हुँदा कम्पनीको प्रवन्धपत्रको दफा ६ मा निम्नानुसार संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

PEOPLES HYDROPOWER Co. Ltd.

**संशोधित प्रवन्धपत्रको विवरण**

**<u>प्रवन्ध पत्रको दफा ६ को उपदफा</u>**

(ख) यस कम्पनीको जारी पूँजी रु. ६,४०,००,००,०००।- (छ अर्ब चालीस करोड मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका ६,४०,००,००० (छ करोड चालीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

**<u>प्रवन्ध पत्रको दफा ६ को उपदफा</u>**

(ग) यस कम्पनीको चुक्ता पूँजी रु. ६,४०,००,००,०००।- (छ अर्ब चालीस करोड मात्र) हुनेछ।

**<u>प्रवन्ध पत्रको दफा ६ को उपदफा</u>**

(घ) हकप्रद शेयर जारी पश्चात् कम्पनीको जारी तथा चुक्ता पूँजीको स्वामित्व अनुपात देहाय बमोजिम हुनेछ।

| | समूह | शेयर | | |
|---|---|---|---|---|
| | | जारी पूँजीको प्रतिशत | शेयर संख्या | शेयर रकम |
| | (क) संस्थापक समूह | ७५ | ४,८०,००,००० थान | ४,८०,००,००,०००।- |
| ४ | (ख) सर्वसाधारण (आयोजना प्रभावित क्षेत्रका स्थानीयवासी र कर्मचारी आदि समेत) | २५ | १,६०,००,००० थान | १,६०,००,००,०००।- |

विशेष प्रस्ताव नं. चारउपर छलफल गर्दा यस कम्पनीले उपरोक्तबमोजिम निर्णय भएका प्रस्तावहरु स्विकृति एवं अभिलेखको लागि नियमनकारी निकायहरु वा कार्यालयमा पेश गर्दा ती निकाय /कार्यालयहरुबाट कुनै पनि विषयमा संशोधन परिवर्तन वा कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिर्वतन गर्ने लगायत हकप्रद शेयर निष्काशन सम्बन्धमा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्डलगायत नियामक निकायबाट कुनै निर्देशन प्राप्त भएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्यहरु गर्नको लागि संचालक समितिलाई पूर्ण अख्तियारी दिने समेत सर्वसम्मत निर्णय गरियो।

**(ग) विविध/समापन :**

आजको यस साधारण सभामा प्रस्तुत भएका मन्तव्य, जिज्ञासा, टिप्पणी तथा सुझाव कम्पनीका लागि अति नै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्ग निर्देशन प्रदान गर्नु हुने सम्पूर्णमा आभार व्यक्त गर्दै उपस्थित शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, सल्लाहकारज्यूहरु तथा सम्पूर्ण अतिथिज्यूहरु, साधारण सभाको व्यवस्थापनमा खट्नु भएका सम्पूर्ण कर्मचारीहरु एवं यसै काममा खटिनु भएका सानिमा क्यापिटलका कर्मचारीहरु लगायत सभालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सबैमा हार्दिक धन्यवाद दिंदै अन्य छलफलका प्रस्तावहरु बाँकी नरहेकोले अध्यक्षज्यूले आजको वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो।

(चतुर्भुज शर्मा)
कम्पनी सचिव

PEOPLES HYDROPOWER Co. Ltd.

(उद्धव नेपाली श्रेष्ठ)
अध्यक्ष